म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

वर्ष:१७ अङ्कः- १३१ २०८२ चैत २० गते शुक्रबार 3 April 2026, Friday - पृष्ठ ४ मूल्य रू. ५/-

## हामी नयाँ आकारमा

समृद्ध समाज राष्ट्रिय दैनिक मकवानपुरको लोकप्रिय दैनिक समाचारपत्र हो। हाम्रा पाठक, लेखक, विज्ञापनदाता, शुभेच्छुकहरु माझ हामीले चैत ३ गतेबाट ब्रोडसिट आकारमा प्रकाशन सुरु गरेका छौं। छापा पत्रकारितामा पछिल्लो समय चुनौति बढ्दो छ। तर, हामी छापा पत्रकारितालाई आम पाठक सामु विश्वसनीय र प्रभावकारी माध्यमको रुपमा स्थापित गर्ने प्रयासमा छौं। छापा पत्रकारितालाई विश्वसनीय र प्रभावकारी बनाउने अभियानमा हामी हाम्रा पाठकबाट सल्लाह, सुझाव र प्रतिक्रियाको अपेक्षा गर्दछौं। नयाँ आकारले हाम्रा पाठकहरुलाई हामीप्रति अझ बढी आकर्षित गर्ने आशा राखेका छौं। **सम्पादक।**

### एसईई सुरु

# पहिलो दिनबाटै उत्तरपुस्तिका परीक्षण सुरु



*जनप्रिय माविबाट एसईईमा सहभागी हुने विद्यार्थीलाई टीका लगाएर शुभकामना दिँदै।*

**समाज संवाददाता**

हेटौँडा : यस वर्षको विद्यालय शिक्षा परीक्षा (एसईई) सुरु भएको छ। बिहिबारबाट सुरु भएको एसईईको उत्तरपुस्तिका बिहिबारबाटै परीक्षण गर्न समेत सुरु गरिसकेको छ। पहिलो दिन मकवानपुरका २२ वटा परीक्षा केन्द्रमा उत्तरपुस्तिका परीक्षण सुरु गरिएको छ। जिल्लामा कुल २८ वटा परीक्षा केन्द्र रहेकामध्ये परीक्षाको पहिलो दिन २२ वटा परीक्षा केन्द्रहरुमा उत्तरपुस्तिका परीक्षण गर्न सुरु गरेका हुन्।

बिहिबार दिउँसो २ बजेपछि परीक्षा केन्द्रहरुले उत्तरपुस्तिका परीक्षण गर्न सुरु गरेको शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख सुदीप गिरीले बताउनुभयो। जिल्लाका ६ वटा परीक्षा केन्द्रहरुमा भने ढिलो सूचना प्रवाहका कारण तयारी गर्न नपाएकोले परीक्षण सुरु गर्न नसकिएको तर शुक्रबारबाट भने सबै विद्यालयहरुमा उत्तरपुस्तिकाहरु परीक्षण कार्य हुँदै जाने उहाँले स्पष्ट पार्नुभयो। पहिलो दिन अनिवार्य अँग्रेजी विषयको परीक्षा भएकोमा यसको उत्तर परीक्षण हुने कार्य हरु भएको छ।

यस पटक परीक्षा केन्द्रमै उत्तर पुस्तिका परीक्षण गरी विद्यार्थीहरुले प्राप्त गरेका अंक राष्ट्रिय परीक्षा बोर्डमा पठाइने छ। बोर्डले सो अंकलाई ग्रेडिङ गरी एक महिनाभित्रै प्रदेशस्तरमा परीक्षाफल प्रकाशन गर्ने तयारी भएको राष्ट्रिय परिक्षा बोर्ड हेटौँडाका प्रमुख बद्री बहादुर पाठकले जानकारी दिनुभयो। नतिजा ढिलो गरि आउँदा साढे तीन महिना समय खाली नै रहने गरेकोमा यस समस्याबाट मुक्ति हुने उहाँको बुझाइ छ। शिक्षा मन्त्रालयको मन्त्रीस्तरीय बैठकले एसईईको नतिजा आउन महिनौं कुर्न पर्नेमा छिटो, छरितो नतिजा प्राप्त हुने अपेक्षा गर्दै एसईईको अन्तिम समयमा परीक्षा केन्द्रमै तत्काल उत्तरपुस्तिका परीक्षण गर्ने निर्णय गरेको थियो। यसले विद्यार्थीको समय बचत भई अर्को कक्षामा प्रवेश गर्न सहज हुनेमा शिक्षाका सरोकारवालाहरु सहमत छन्।

यसरी परीक्षा केन्द्रमै उत्तरपुस्तिका परीक्षण गर्ने भएपछि परीक्षा केन्द्रका केन्द्राध्यक्षहरु तथा विद्यालयहरुले सकारात्मक रुपमा लिएका छन्। यसरी स्थानीयस्तरमै सोही दिन नै उत्तरपुस्तिका परीक्षण हुने भएपछि एसईई परीक्षालाई हाउगुजी बनाएर विद्यार्थीलाई मनोवैज्ञानिक दबाव दिने काम पनि न्यून हुने र छिटो छरितो भई समयको बचत हुने हेटौँडा-९ स्थित प्रगति माविका प्रधानाध्यापक किशोर पराजुली बताउनुहुन्छ। हेटौँडा-१ स्थित अमर माविकी प्रधानाध्यापक मालती उप्रेतीले यसरी परिक्षा केन्द्रमै उत्तरपुस्तिका परीक्षण भन्दा पालिकास्तरमा गर्दा सुरक्षाको दृष्टिकोणले व्यवस्थापन गर्न सहज हुने सुझाव दिँदै अन्य पक्षमा भने यो निर्णय स्वागतयोग्य नै भएको उल्लेख गर्नुभयो।

मकवानपुरमा सामुदायिक तथा संस्थागत गरी कुल १ सय ४२ वटा विद्यालयका ७ कुल ७ हजार १ सय ९२ जना विद्यार्थीहरु एसईईका लागि फारम भरेका छन्। जिल्लामा रहेका ३७ वटा संस्थागत र १ सय ५ वटा सामुदायिक माध्यमिक विद्यालयका विद्यार्थीहरु परीक्षामा रहेका छन्। यि मध्ये नियमिततर्फ ५ हजार ५ सय २७ जना र ग्रेडवृद्धितर्फ १ हजार ६ सय ६५ जनाले परीक्षा फारम भरेका थिए।

### बागमतीको संरचना पुनरावलोकन प्रतिवेदन कार्यान्वयन

# सत्तारुढ दल बीच नै मतभेद

**समाज संवाददाता**

हेटौँडा : बागमती प्रदेशको प्रशासनिक संरचनालाई चुस्त र कम खर्चिलो बनाउन गठित 'संगठन संरचना सुदृढीकरण समिति' को प्रतिवेदन कार्यान्वयनको विषयलाई लिएर सत्तारुढ दलहरुबीच मतभेद देखिएको छ। सत्ता साझेदार नेपाली काँग्रेस र नेकपा एमाले प्रतिवेदनको सिफारिस कार्यान्वयनको सवालमा दुई धारमा देखिएका हुन्।

कांग्रेसले संसदीय समितिको बैठकबाट प्रतिवेदनको सिफारिस अनुसार मन्त्रालय घटाउने औपचारिक निर्णय नै गरिसक्दा साझेदार एमालेले भने राजनीतिक सहमतिको विषय बनाउनुपर्ने अडान राखेको छ। कांग्रेस बागमती प्रदेश संसदीय दलको सोमबार बसेको बैठकले प्रतिवेदन कार्यान्वयनमा अग्रसरता देखाएको हो। काठमाडौंमा बसेको संसदीय दलको बैठकले प्रदेशमा हाल कायम रहेको १४ वटा मन्त्रालयलाई घटाएर ७ वटामा झार्ने औपचारिक निर्णय गरेको छ भने बैठकले समितिको सिफारिस बमोजिम ७ वटा निर्देशनालयलाई २ वटामा सीमित गर्ने र ७०१ जना कर्मचारीको दरबन्दी कटौती गर्ने प्रस्तावलाई अगाडि बढाउने निर्णय गरेको छ। कांग्रेसले उक्त कार्य छिट्टै नै कार्यान्वयनमा लैजान सरकारका साझेदार दलहरुसँग छलफल गर्ने निर्णय समेत गरेको छ।

यता एमाले भने प्रतिवेदनका सिफारिसलाई कार्यान्वयन गर्न राजनीतिक सहमति आवश्यक रहेको जनाएको छ। एमालेले प्रतिवेदनका सिफारिस यथार्थ, व्यवहारिक र तथ्यपरक ढंगबाट कार्यान्वयन गर्न सबै पक्षसँग छलफल आवश्यक रहेको जनाएको हो। उक्त विषयमा सरकार, संसद र राजनीतिक दलहरुसँग छलफल नभएकाले तत्काल कार्यान्वयनमा अघि बढ्न सक्ने अवस्था नरहेको जनाएको हो। प्रदेश सरकारका प्रवक्ता एवम् आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङका अनुसार प्रतिवेदन अहिले अध्ययनको अन्तिम चरणमा छ र आगामी आर्थिक वर्षदेखि यसलाई कार्यान्वयनमा लैजाने सरकारको लक्ष्य छ। 'संगठन संरचना सुदृढीकरण समिति' सिफारिस अनुसार प्रतिवेदन कार्यान्वयनमा लैजाने सरकारको तयारी रहेको उनले बताए। उक्त प्रतिवेदन निर्देशक समितिबाट छलफल गरेर मन्त्रिपरिषद्बाट पारित गरी कार्यान्वयनको प्रक्रिया अगाडि बढाइने उनले बताए।

प्रतिवेदनको सिफारिस अनुसार प्रदेशमा मन्त्रालयको संख्या घटाएर ७ कायम गरिने उनको भनाई छ। प्रतिवेदन कार्यान्वयन गरेर प्रदेशको प्रशासनिक र चालु खर्चमा करिब ३० प्रतिशतले कमी आउने सरकारको अपेक्षा रहेको उनले बताए। हाल वार्षिक करिब २५ अर्ब रुपैयाँ हाराहारीमा रहेको चालु खर्चलाई १८ देखि २० अर्बको सीमाभित्र झार्ने सरकारको योजना रहेको उनले बताए। प्रतिवेदनमा केही आयोगलाई खारेज गरी मुख्यमन्त्री कार्यालय वा अर्थ मन्त्रालय मातहतको एउटा शाखामा सीमित गर्ने, वन र यातायात बाहेकका अन्य अधिकांश कार्यालयहरुलाई हटाएर जिल्ला तहमा एकीकृत कार्यालयहरु सञ्चालन गर्ने र पूर्वाधारतर्फ मात्र ५ वटा डिभिजन कार्यालय राख्ने प्रस्ताव गरिएको उनले बताए। प्रतिवेदन कार्यान्वयन गरेर प्रदेशको ८०० सम्म कर्मचारी दरबन्दी कटौती गरिने उनले बताए। उनका अनुसार विकासका टुक्रे आयोजनाको संख्या घटाएर जनशक्ति व्यवस्थापन गर्ने सरकारको तयारी रहेको छ।

## एमालेको अडानः पुरानै एजेन्डा तर सहमति अनिवार्य

नेकपा एमाले बागमती प्रदेश संसदीय दलका नेता जगन्नाथ (जेएन) थपलियाले भने प्रतिवेदन कार्यान्वयन हुनुअघि सत्तारुढ दलहरुबीच 'ठोस राजनीतिक समझदारी' हुनुपर्ने बताए। ७ वटा मन्त्रालय बनाउने कुरा एमालेको पहिले देखिकै अडान रहेको र यसलाई प्राविधिक विषय मात्र नभई राजनीतिक सहमतिको रुपमा टुंग्याउनुपर्ने उनले बताए।

प्रदेशको प्रशासनिक पुनर्संरचना सम्बन्धी विज्ञ टोलीको प्रतिवेदन प्राप्त भई अध्ययनको क्रममा रहेको र सो कार्यान्वयनका लागि सत्तारुढ दलहरूबीच राजनीतिक सहमति अनिवार्य रहेको उनको भनाई छ। विज्ञ टोलीले बुझाएको सुझाव प्रतिवेदन केवल प्राविधिक विषय मात्र भएकाले यसलाई निष्कर्षमा पुऱ्याउन गठबन्धनभित्र ठोस समझदारी हुनुपर्नेमा उनले बताए। अहिले प्रदेश सरकारका विभिन्न मन्त्रालय र संरचनाहरु अध्ययनकै क्रममा रहेकाले राजनीतिक सहमति जुटेपछि मात्रै यसले कानुनी र प्रशासनिक रुप लिने नेता थपलियाले जानकारी दिए।

'प्रदेशमा ७ वटा मात्रै मन्त्रालय बनाउनुपर्छ भन्ने प्रस्ताव एमालेले सरकार गठनकै समयमा राखेको हो। पूर्वमुख्यमन्त्री डोरमणि पौडेलकै पालादेखि हाम्रो स्पष्ट धारणा सात मन्त्रालय नै थियो। अहिले विज्ञ टोलीले दिएको सुझाव हाम्रो सोही अडान अनुकूल छ', उनले भने, 'विज्ञ टोलीले दिएको प्रतिवेदन कार्यान्वयनमा मुख्यमन्त्रीजीले प्रक्रिया अगाडि बढाउनुहुन्छ। तर साझेदार दलको नेता र मन्त्रीहरुसँग पर्याप्त छलफल नभई जबर्जस्ती गर्ने कुरा हुँदैन। दुई दलबीच इन्फर्मेसन ग्याप हुनुहुँदैन।' विज्ञ टोलीले बुझाएको प्रतिवेदन अन्तिम निर्णय नभएर केवल सुझाव मात्रै रहेको नेता थपलियाको भनाई छ। उनका अनुसार प्रतिवेदनलाई अहिले मन्त्री मदुसुदन पौडेलको संयोजकत्वमा रहेको निर्देशक समितिले अध्ययन गरिरहेको छ। विज्ञ टोलीले ७०१ वटा कर्मचारी दरबन्दी कटौती गर्न दिएको सुझावलाई सेवा प्रवाहमा असर नपर्ने गरी व्यवस्थापन गर्नुपर्ने उनले बताए। कर्मचारी कटौती गर्दा प्रशासनिक बोझ घट्ने भए पनि जनताले पाउने सेवामा कुनै सम्झौता हुन नहुने उनको भनाई छ।

'प्राविधिक टोलीले त एउटा बाटो देखाइदिएको हो। अब कुन संरचना राख्ने र कुन हटाउने भन्ने कुरा सरकारको कार्यबोझ र जनताको सेवा प्रवाहको अवस्था हेरेर सरकारले निर्णय गर्छ। कर्मचारी कटौती गर्दा सेवा प्रवाहमा पर्ने असरबारे पनि सूक्ष्म अध्ययन जरुरी छ', उनले भने। प्रशासनिक पुनर्संरचना निर्देशक समितिका संयोजक एवम् प्रदेशका कृषि तथा पशुपन्छी विकास मन्त्री मदुसुदन पौडेलले विज्ञ टोलीको सुझावमा कतिपय व्यावहारिक र कतिपय अव्यावहारिक पक्षहरु रहेको टिप्पणी गरे। विशेषगरी कृषि र स्वास्थ्य जस्ता सेवामूलक क्षेत्रमा कर्मचारी कटौती गर्न नहुने उनले बताए। विज्ञ टोलीले बुझाएको प्रतिवेदन हाल निर्देशक समितिमा अध्ययनकै क्रममा रहेको उनले बताए। विज्ञ टोलीले दिएको प्रतिवेदनका सिफारिस माथि पुनः परामर्श गरेर मात्र अन्तिम रुप दिइने उनले बताए। प्रशासनिक संरचना परिवर्तन गर्ने विषय कर्मचारी प्रशासनसँग मात्र नजोडिएर राजनीतिक विषय भएको उनले बताए। निर्देशनालय, बोर्ड तथा प्रदेश नीति तथा योजना आयोग जस्ता संरचनाहरुको खारेजी वा गाभ्ने विषयमा राजनीतिक वृत्तमा विभिन्न छलफलहरु जरुरी रहेको उनले बताए। उनका अनुसार राजनीतिक सहमति बिना यस्ता संरचनागत परिवर्तनहरु जबर्जस्ती अगाडि बढाइने छैन।

विज्ञ टोलीले प्रदेशमा ७०१ वटा कर्मचारी दरबन्दी कटौती गर्न दिएको सुझावलाई व्यवहारिक ढंगबाट कार्यान्वयन गर्नुपर्ने उनको भनाई छ। निर्देशक समितिको अध्ययन सकिएपछि विज्ञहरुसँगको अन्तिम परामर्श र राजनीतिक दलहरुबीचको सहमतिपछि मात्रै उक्त प्रतिवेदन कार्यान्वयनका लागि मन्त्रिपरिषद्मा लगिने मन्त्री पौडेलले बताए। 'विज्ञ टोलीले हामीलाई सुझाव मात्र दिएको हो। त्यो अन्तिम होइन। निर्देशक समितिमा रहेका विभिन्न मन्त्रालयका सचिव र मन्त्रीहरुसँगको छलफलपछि मात्र यसलाई मन्त्रिपरिषद् (क्याबिनेट) मा लगिनेछ', उनले भने, 'कृषि, स्वास्थ्य जस्ता प्रत्यक्ष सेवामूलक निकायहरुमा दरबन्दी कटौती गर्नु हुँदैन। सरकारले त्यहाँ सुविधा बढाउनुपर्छ। तर जहाँ दोहोरो संरचना छ। त्यहाँ कटौतीको कुरा जायज हुन सक्छ।'

# स्वतन्त्र पत्रकार संघको पाँचौं अधिवेशन गैँडाकोटमा



**समाज संवाददाता**

हेटौँडा : स्वतन्त्र पत्रकार संघ नेपालको चौधौं वार्षिक साधारणसभा तथा पाँचौं अधिवेशन नवलपुर जिल्लाको गैँडाकोटमा आज शुक्रबारबाट सुरु हुँदैछ। भोलि शनिबारसम्म हुने अधिवेशनले स्वतन्त्र पत्रकार संघको नयाँ नेतृत्व चयन गर्नेछ। नेपाल पत्रकार महासंघमा राजनीतिक दलसम्वद्ध पत्रकार संगठनको सिन्डिकेटको विरोध गर्दै २०६८ सालमा स्थापना भएको स्वतन्त्र पत्रकार संघ ३५ जिल्लामा विस्तार भएको छ।

गैँडाकोटस्थित मौलाकालिका मन्दिर नजिकै भण्डारी समाजको सभाहलमा हुने अधिवेशनका क्रममा जिल्ला अध्यक्षहरुलाई सम्मान गर्नुका साथै २५ हजार राशीको सामाजिक पत्रकारिता पुरस्कार पोखराका अग्रज पत्रकार उदयबहादुर अमात्यलाई प्रदान गरिनेछ। अधिवेशनको पूर्वसन्ध्यामा स्वतन्त्र पत्रकार संघ नेपालले जिल्ला अध्यक्षहरुबीच अन्तरक्रिया समेत आयोजना गरेको छ। अन्तरक्रियामा सहभागी जिल्ला अध्यक्षहरुले केन्द्रीय समितिलाई सशक्त बनाउन र जिल्लालाई पर्याप्त साथ, सहयोग गर्न आग्रह गरेका छन्। जिल्ला अध्यक्षहरुले अधिवेशनबाट नयाँ नेतृत्व चयनमा ध्यान दिँदै आगामी केन्द्रीय समितिले जिल्ला समितिहरुलाई सशक्त बनाउनेतर्फ ध्यान दिन आग्रह गरेका छन्।

कास्की जिल्लाका अध्यक्ष डीआर काफ्लेले पछिल्लो समय दलीय पत्रकारको दलीय आवद्धताप्रति आमरुपमा आलोचना भइरहँदा स्वतन्त्र पत्रकार संघले आफ्नो भूमिकालाई फराकिलो बनाउँदै लैजानुपर्ने बताउनुभयो। उहाँले स्वतन्त्र पत्रकार संघको केन्द्रीय समितिदेखि जिल्ला समितिसम्म सशक्त बनाउनुपर्नेमा जोड दिनुभयो। स्वतन्त्र पत्रकार संघ रुपन्देहीका अध्यक्ष प्रेमबहादुर बुढाथोकीले स्वतन्त्र पत्रकार संघको इतिहास हेर्दा उल्लेखनीय सुधार हुन नसके पनि आगामी दिनमा योजनावद्ध ढंगबाट अगाडि बढ्नुपर्ने औँल्याउनुभयो। रुपन्देही शाखाले बनाएका योजनाहरु कार्यान्वयन गरेर केन्द्रीय समितिलाई राम्रो काम भएको प्रतिवेदन बुझाउने बताउनुभयो।

अन्तरक्रियामा मकवानपुर जिल्ला अध्यक्ष राजन घिमिरे अनुरागले जिल्लामा पत्रकारको पारिश्रमिकका लागि पैरवी गर्नुपरेको, पत्रकारको हकहित र सुरक्षाका लागि निरन्तर क्रियाशील रहँदै आएको बताउनुभयो। पत्रकारको हकहितका लागि स्वतन्त्र पत्रकार संघले अझ सशक्त भएर काम गर्नुपर्ने र त्यसमा केन्द्रीय समितिको साथ र सहयोगको अपेक्षा जिल्लाले गरेको उहाँको भनाइ थियो। काठमाडौं जिल्ला अध्यक्ष कृष्णराज तिमल्सिनाले स्वतन्त्र पत्रकार संघले व्यावसायिक पत्रकारिताको अभ्यासमा जोड दिनुपर्ने बताउनुभयो। अर्घाखाँची जिल्ला अध्यक्ष गुरुदेव खनालले स्वतन्त्र पत्रकार संघ कमजोर अवस्थामा रहेको र अधिवेशनबाट नयाँ उर्जा लिएर अगाडि बढ्नुपर्ने बताउनुभयो। अधिवेशनको अवसरमा स्वतन्त्र पत्रकार संघले स्वतन्त्र सन्देश स्मारिका पनि विमोचन गर्दैछ।

# पेट्रोलको मूल्य २ सय नाघ्यो

काठमाडौं : नेपाल आयल निगमले पेट्रोल, डिजेल र मट्टितेलमा प्रतिलिटर १५ रुपैयाँका दरले मूल्यवृद्धि गरेको छ। चैत २० गते बिहानैदेखि लागु हुनेगरी आयल निगमले मूल्यवृद्धि गरेको जनाएको छ।

नयाँ वृद्धि गरिएको मूल्य अनुसार अब तेस्रो वर्ग अर्थात काठमाडौं, पोखरा र दिपायलमा पेट्रोलको मूल्य प्रतिलिटर २०२ रुपैयाँ पुगेको छ। यसअघि १८७ रुपैयाँ थियो। यी तीन ठाउँमा यसअघि डिजेल र मट्टितेलको मूल्य १६७ रुपैयाँ लिटर रहेकामा अब १८२ रुपैयाँ पुगेको छ। यस्तै पहिलो वर्गअन्तर्गत रहेका चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलवारी, नेपालगञ्ज, धनगढी र वीरगञ्जमा यसअघि पेट्रोलको मूल्य प्रतिलिटर १८४ रहेकामा अब १९९ रुपैयाँ ५० पैसा पुगेको छ, भने डिजेल/मट्टितेलको मूल्य यसअघि प्रतिलिटर १६४ रुपैयाँ ५० पैसा रहेकामा अब बढेर १७९ रुपैयाँ ५० पैसा कायम भएको छ।

यस्तै दोस्रो वर्गमा रहेका सुर्खेत र दाङमा यसअघि पेट्रोलको मूल्य प्रतिलिटर १८६ रुपैयाँ रहेकामा अहिले बढेर २०१ रुपैयाँ पुगेको छ। यस्तै त्यहाँ डिजेल/मट्टितेलको मूल्य पहिले प्रतिलिटर १६६ रुपैयाँ रहेकामा अब बढेर १८१ रुपैयाँ पुगेको छ। आयल निगमले यो मूल्य समायोजनपछि पनि १५ दिनमा ११ अर्ब ७१ करोड निगमलाई घाटा हुने जनाएको छ।




...बाँकी पृष्ठ ३ मा

## बुधबारे बालसाहित्य

यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं। आशा छ हामीले विद्यार्थीलाई

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं।

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न

सामुदायिक रेडियो, रेडियो निकास

सामुदायिक रेडियो, रेडियो निकास

## सम्पादकीय

# एसईईको नतिजामा तदारूकता

बिहीबारदेखि देशभर माध्यमिक शिक्षा परीक्षा (एसईई) सुरु भएको छ । एसईईमा यसपटक भने केही विशेष र भिन्न देखिएको छ । परीक्षा सुरु भएसँगै विद्यार्थी, शिक्षक र अभिभावकहरूमा विगतको तुलनामा छुट्टै उत्साह देखिएको छ । यसको मुख्य कारण हो सरकारले परीक्षा सकिएको एक महिनाभित्रै नतिजा सार्वजनिक गर्ने गरी दिएको निर्देशन । सरकारको यो तदारुकताले शैक्षिक क्यालेन्डरलाई व्यवस्थित बनाउने संकेत गरेको छ, जसको चौतर्फी स्वागत भइरहेको छ ।

नतिजा छिटो सार्वजनिक गर्ने उद्देश्यले यस वर्ष परीक्षा केन्द्रमै उत्तरपुस्तिका जाँच्ने व्यवस्था मिलाइएको छ । विगतमा नतिजाका लागि तीन महिनासम्म कुर्नुपर्दा विद्यार्थीहरूको कक्षा-११ को पढाइ प्रभावित हुने गरेको थियो । साउनमा भर्ना भएर वैशाखमा परीक्षा दिनुपर्दा विद्यार्थीले मुस्किलले ८ देखि ९ महिना मात्र पढ्न पाउँथे । अब नतिजा छिटो आउँदा विद्यार्थीले समयमै भर्ना भई पूरा शैक्षिक सत्र अध्ययन गर्न पाउने छन् । यसले माध्यमिक तहको भर्ना दर बढाउन र विद्यार्थीलाई पढाइप्रति निरन्तर सक्रिय राख्न मद्दत पुग्ने देखिन्छ । समयको बचत हुनु र शैक्षिक सत्र नियमित हुनु यसको सबैभन्दा सबल पक्ष हो ।

तर, छिटो नतिजा निकाल्ने दबाव र परीक्षा केन्द्रमै उत्तरपुस्तिका परीक्षण गर्ने कार्यले गम्भीर प्रश्नहरू पनि जन्माएको छ । परीक्षा केन्द्रमै उत्तरपुस्तिका जाँच्दा त्यसको निष्पक्षता र गुणस्तर कायम रहला त ? यो अहिलेको मुख्य चुनौति हो । आफ्नै वा नजिकैको विद्यालयका शिक्षकले उत्तरपुस्तिका जाँच्दा व्यक्तिगत चिनजान, दबाव, प्रभाव वा भनसुनका आधारमा अंक दिइने जोखिम पनि देखिन्छ । यसले गर्दा मिहिनेती विद्यार्थी मारमा पर्न सक्छन् र परीक्षाको गरिमामै आँच पुग्न सक्छ ।

अर्कोतर्फ यो व्यवस्थाले केन्द्राध्यक्ष र परीक्षक शिक्षकहरुको सुरक्षामा पनि चुनौति थपेको छ । अनुत्तीर्ण हुने वा कम अंक आउने डरले विद्यार्थी वा अभिभावकले शिक्षकलाई धाकधम्की दिने, रिसइबी साँध्ने वा अनावश्यक दबाव दिने सम्भावनालाई नकार्न सकिँदैन । यसले शैक्षिक वातावरणमा सामाजिक अपराध र असुरक्षा निम्त्याउन सक्छ । साथै, प्राविधिक धारतर्फ लाग्न चाहने विद्यार्थीहरूका लागि पनि यो निर्णय अलि हतारो हुन सक्छ । ब्रिज कोर्ष वा प्रवेश परीक्षाको तयारीका लागि उनीहरूले पर्याप्त समय नपाउँदा माथिल्लो तहको पढाइमा उनीहरूलाई थप भार पर्न सक्छ ।

सरकार र सम्बन्धित निकायले नतिजाको "गति" सँगै "गुणस्तर" र "गोपनीयता" मा पनि उत्तिकै ध्यान दिनु जरुरी छ । उत्तरपुस्तिका परीक्षणलाई विश्वसनीय बनाउन कम्तीमा पनि एक जिल्लाको उत्तरपुस्तिका अर्को जिल्लामा लगेर जाँच्न व्यवस्था मिलाउनु उपयुक्त हुन्छ । यसो गर्दा शिक्षकहरू सुरक्षित हुनेछन् र नतिजाको निष्पक्षतामा प्रश्न उठ्ने ठाउँ रहने छैन । प्राविधिक विषय पढ्ने विद्यार्थीका हकमा पनि वैकल्पिक व्यवस्था वा तयारीको समयबारे सोच्न आवश्यक छ । शैक्षिक सुधारको यो प्रयास सराहनीय हुँदाहुँदै पनि यसले निम्त्याउन सक्ने जोखिमप्रति समयमै सचेत भई समाधान खोज्नु नै आजको आवश्यकता हो ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | वारुण यन्त्र १०१ |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | बालबालिका खोजतलास केन्द्र १०४ |
| ट्राफिक प्रहरी १०३ | बाल हेल्पलाइन १०९८ |
| वडा प्रहरी ५२०२९९ | हेलो सरकार ११११ |
| पशुपतिनगर इलाका ५२०५९८ | नेपाल टेलिकम सोधपुछ १९७ |
| मनहरी इलाका ९८५५०९०१६१ | एम्बुलेन्स १०२ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| पालुङ इलाका ६२०४६७ | |
| फापरबारी इलाका ६२१९८० | |
| चित्लाङ इलाका ६२१००० | |

## तपाईंको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क: ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : अध्ययन–अध्यापन ठिकै रहने समय योग छ । |
| वृष | : निर्णयात्मक काममा अलमल हुने समय छ । |
| मिथुन | : सामाजिक एवम् धार्मिक काममा मन जाला । |
| कर्कट | : आध्यात्मिक एवम् सामाजिक काममा मन जाला । |
| सिंह | : आफन्तको सहयोगले काममा पूर्णता प्राप्त । |
| कन्या | : बौद्धिक पक्ष फराकिलो बन्दै जाने समय छ । |
| तुला | : धार्मिक कृत्यमा सरिक भइने समय योग छ । |
| वृश्चिक | : चिन्ता, शङ्का र भ्रम मडारिने समय योग छ । |
| धनु | : कृषि, पशु व्यवसायबाट सोचे अनुरुप लाभ होला । |
| मकर | : पढाई–लेखाइ राम्रो रहने समय योग देखिन्छ । |
| कुम्भ | : सामाजिक र परोपकारजन्य काममा सरिक भइएला । |
| मीन | : स्वास्थ्यको ख्याल गर्दा राम्रै रहने समय योग छ । |

# 'गल्ती गरे सच्चाइदिनुहोला, हाम्रो अहंकार नबढोस्'





✍ रवि लामिछाने

सत्तारुढ दलको सभापतिका रूपमा अब हामीले बोलेर मात्र पुग्दैन । मैले मात्र होइन, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का हरेक माननीयले कामबाटै आफूलाई, पार्टीलाई र सरकारलाई प्रमाणित गर्नुपर्छ । अब हामी राम्ररी बोल्नुभन्दा पनि हाम्रा कामहरू आफैँ राम्रोसँग बोल्नेछन् ।

सभामुख महोदय, हामीलाई सय दिनको 'हनिमुन पिरियड'को सुविधा चाहिँदैन । हामी दिन गनेर होइन, सेकेन्ड गनेर काम गर्न चाहन्छौँ र त्यो सुरु गरिसकेका छौँ ।

तपाईंहरूले सरकारको रफ्तार देखिरहनुभएको छ । अब कर्मचारीतन्त्रसहित सिङ्गो देशले यो रफ्तारसँग गति मिलाउनुको विकल्प छैन । हामी आफ्ना मात्र होइन, जायज छन् भने विपक्षी दलका चुनावी प्रतिबद्धताको पनि स्वामित्व लिन तयार भएर आएका छौँ । सरकारका प्राथमिकता, योजना र दिशा सम्माननीय प्रधानमन्त्रीज्यूबाटै आवश्यक परे बोलेर र नपर्दा नबोलेरै कामबाट प्रस्तुत हुने कुरा म सम्मानित सदनलाई जानकारी गराउन चाहन्छु ।

सभामुख महोदय, यो सम्मानित संसद्मा यसअघि पनि पटक-पटक बहुमतका सरकार नबनेका होइनन् । तर, ती सरकारहरू इतिहासका अङ्क बने, इतिहास बदल्ने औजार बन्न सकेनन् । दृष्टिकोणमा, पारदर्शितामा र जवाफदेहितामा कहाँ कमजोरी थियो ? अवसरहरूलाई किन परिणाममा बदल्न सकिएन ? हामी इतिहासबाट सिक्न लाज मान्ने छैनौँ । जनताले अहिले हामीलाई दिएको यो विश्वासलाई फेरि 'गुमेको अवसर' भनेर लेखियो भने हामी कलङ्कित हुनेछौँ, जुन हामीलाई मन्जुर छैन ।

हामी यहाँ प्रश्न सोधेर आएका हौँ । अहिले बस्ने ठाउँ फेरिएको होला, तर आज पनि ती प्रश्नहरूप्रति हाम्रो नैतिक जिम्मेवारी उस्तै छ । अब हामीलाई प्रश्न सोध्न मात्र होइन, उत्तर दिन पनि आउँछ; समस्या देखाउन मात्र होइन, समाधान खोज्न पनि आउँछ भनेर साबित गर्नु छ । प्रतिपक्ष दलहरूलाई मेरो विनम्र आग्रह छ- हामीमाथि चौबिसै घण्टा निगरानी गरिदिनुहोला । गल्ती देखाइदिनुहोला, बाटो बिरायौँ भने सच्चाइदिनुहोला । यदि हामी जनताबाट टाढा हुन खोज्यौँ भने हामीलाई जनताको आवाज सम्झाइदिनुहोला। हामीमा कुनै अहङ्कार नबढोस् ।

लोकतन्त्रमा सत्तापक्ष र प्रतिपक्ष प्रतिस्पर्धी मात्र होइनन्, एकअर्काका पूरक पनि हुन् । एकले काम गर्छ, अर्कोले निगरानी गर्छ । हामी प्रतिपक्षको आवाज कमजोर हुन दिने छैनौँ, किनकि प्रतिपक्ष कमजोर भयो भने लोकतन्त्र कमजोर हुन्छ । यो संसद् बहसको थलो हुनेछ, प्रतिशोधको होइन । हिजो आफ्नालाई बचाउन र विपक्षीलाई फसाउन कानुनमै संशोधन गरिएका, अध्यादेश ल्याइएका जस्ता गलत क्रियाकलापहरू अब यथाशीघ्र सच्चाइने कुरा म जानकारी गराउन चाहन्छु । न्याय पाउने पहिलो हक सहिदकी आमाको हो, त्यसलाई प्रतिशोध भन्न पाइने छैन ।

**विदेशमा रहेका युवा र बिचौलियाको अन्त्य:**

आजको संसद्को जनादेशका वास्तविक रचयिता वैदेशिक रोजगारमा रहेका नेपाली दाजुभाइ दिदीबहिनीहरू हुनुहुन्छ । आजसम्म तपाईंहरूले पठाएको रेमिट्यान्सको मात्र कुरा भयो, तर आज म पैसाको होइन, तपाईंहरूले चुकाएको व्यक्तिगत मूल्यको कुरा गर्दैछु । परिवारबाट अलग्गिनुभयो, आमाबुवाको साथ गुमाउनुभयो, कलिला छोराछोरीको बाल्यकाल गुमाउनुभयो । चाडपर्वको रमाइलो र गाउँघरको न्यानोपन गुमाउनुभयो । आज म यहीँबाट क्षमायाचनासहित स्वीकार गर्छु- यो देशले तपाईंहरूको त्यागको उचित सम्मान गरेन । तपाईंहरूको पीडा अब केवल कथा बन्ने छैन, राज्यको प्राथमिकता बन्नेछ ।

म गैरआवासीय नेपाली दाजुभाइ दिदीबहिनीहरूलाई अपिल गर्छु- नेपालमा केही गरौँ । तपाईंहरू नेपालको आर्थिक विकासमा जोडिनुहोस्, हामी एकपटकको नेपाली सधैँको नेपालीको बाचा पूरा गरेरै छाड्छौँ ।

देशभित्र म निजी क्षेत्रलाई पूर्ण आश्वस्त पार्न चाहन्छु- बिचौलिया र माफियाहरूले बिगारेको व्यावसायिक वातावरण हामीले सुधार गर्न सुरु गरिसकेका छौँ । नीतिहरू अब बजारमा बेचिने छैनन्, निर्णयहरू कसैको दबाबमा बन्ने छैनन् । व्यावसायिक क्षेत्रमा तपाईंहरूले अनुभव गरेको असुरक्षा, अनिश्चितता र दबाब सधैँका लागि समाप्त हुनेछ । बिचौलिया र श्रम माफिया अब कारबाहीका भागीदार हुनेछन् । खाडी क्षेत्रमा जाने हाम्रा राजदूतहरू अब बिचौलियासँगको डिनर टेबलमा होइन, श्रमिकका शिविरहरुमा भेटिनेछन् ।

**ऐतिहासिक क्षमायाचना**

म आज एउटा प्रसङ्ग प्रस्तुत गर्न चाहन्छु । मेरा मित्र माननीय खगेन्द्र सुनार निर्वाचित भएर यहाँ आउनुभएको छ । चुनावी दौडधुपका क्रममा उहाँका विषयमा विवाद आउँदा, गल्ती भयो वा भएन थाहा छैन, तर उहाँले माफी माग्नुभयो । आज म सिङ्गो सदनबाट सिङ्गो देशलाई भन्न चाहन्छु- गल्ती गरेको हो वा होइन भन्दा पनि अन्योल हुँदा खगेन्द्र सुनारले माफी मागे । तर, खगेन्द्र सुनारहरूमाथि युगौँयुगसम्म गरिएको अन्यायका लागि आज हामीले माफी माग्यौँ त ?

यो देशको दलित समुदायलाई मैले आज सार्वजनिक क्षमायाचनाका साथ केही भन्नु छ । यो सरकार शताब्दीऔँदेखिको विभेद, अन्याय र अत्याचारको इतिहाससँग पहिलोपटक सामूहिक र सार्वजनिक माफी माग्दैछ, त्यो पनि यही सदनबाट । आजसम्मको विभेद सामाजिक गल्ती थिएन, सङ्गठित अपराध थियो । जसको हातमा सीप थियो, तिनैलाई हामीले अछुत मान्यौँ । अब कुनै पनि नेपाली जातका नाममा झुक्नुपर्ने छैन । म सिङ्गो पार्टी र सरकारको तर्फबाट पनि माफी माग्छु, र यो माफीको मूल्य अब न्यायले चुकाउनेछ भन्ने सुनिश्चित गर्न चाहन्छु ।

यसैगरी, म आमा र दिदीबहिनीहरूलाई पनि केही भन्न चाहन्छु । यो देशमा तपाईंहरूले सबैभन्दा धेरै जिम्मेवारी बोकेर पनि सबैभन्दा कम अवसर पाउनुभयो । घर सम्हाल्नुभयो, परिवार बचाउनुभयो, समाज चलाउनुभयो, तर त्यसलाई काम मानिएन । महिलालाई अवसर अब अनुग्रह होइन, अधिकार हुनेछ । हामी सुनिश्चित गर्नेछौँ- शिक्षा र रोजगारीमा बराबर पहुँच, राज्यका हरेक तहमा अर्थपूर्ण प्रतिनिधित्व र महिलाविरुद्धका हिंसामा शून्य सहनशीलता । कुनै छोरीले अब आफ्नो सपना सानो बनाउनुपर्ने छैन ।

सभामुख महोदय, जुनसुकै पार्टीबाट चुनिएर आए पनि हामी जनताको प्रतिनिधित्व गर्दछौँ । त्यसैले अब हाम्रो लक्ष्य एउटै हुनुपर्छ- देशको समृद्धि, जनताको जीवनमा सुधार र न्यायपूर्ण समाजको निर्माण । मलाई विश्वास छ, यो सहकार्य, उत्तर दायित्व र परिवर्तनको प्रतीक हुनेछ । धन्यवाद !

*(प्रतिनिधि सभाको पहिलो बैठकमा सत्तासिन दल रास्वपाका सभापति रवि लामिछानेको सम्बोधन । स्रोत: रातोपाटी)*

# सरकारी पैसा खर्च नगरी फिर्ता हुन सक्छ सहकारीपीडितको निक्षेप



✍ बद्रीकुमार गुरागाईं

नेपालको सहकारी आन्दोलन आधुनिक राज्य संरचनाभन्दा धेरै अघि विकसित भएको सामाजिक अभ्यासबाट जन्मिएको हो । औपचारिक बैंकिङ प्रणाली सीमित शहरी केन्द्रमा केन्द्रित रहँदा ग्रामीण समुदायहरूले आफ्नै श्रम, विश्वास र आपसी सहयोगमा आधारित आर्थिक संरचनाहरू विकास गरे ।

किसान समूह, गुठी र परम्परागत ऋण-बचत प्रणालीहरू नै आजको सहकारी आन्दोलनका ऐतिहासिक जरा हुन् । यसले समुदायलाई आत्मनिर्भर बनायो, कठिन समयमा सहारा दियो र सीमित स्रोतलाई सामूहिक रूपमा परिचालन गर्ने संस्कार विकास गर्‍यो ।

१९५० को दशकपछि राज्यले सहकारी प्रणालीलाई औपचारिक मान्यता दिएसँगै यसले संस्थागत रूप लिन थाल्यो । सहकारी ग्रामीण विकास, कृषि उत्पादन र गरिबी न्यूनीकरणका प्रभावकारी साधनका रूपमा स्थापित भयो । सहकारी ऐनका प्रारम्भिक मर्म भनेको सामूहिक उत्तरदायित्व, एक सदस्य-एक मत र नाफाभन्दा सेवाको प्राथमिकता थियो, जसले सहकारीलाई बैंकिङ प्रणालीभन्दा मौलिक रुपमा फरक बनायो ।

बैंक प्रणाली पुँजी र जोखिम नियन्त्रणमा केन्द्रित हुन्छ तर सहकारी प्रणाली मानिस र आपसी विश्वासमा टिक्छ । बैंक जोखिम घटाउन खोज्छ, सहकारी जोखिम बाँड्छ । यही कारण सहकारी संस्थाहरू ती समुदायमा फस्टाए जहाँ बैंकिङ प्रणाली पुग्न सकेको थिएन । सहकारीले श्रमिक, किसान, महिला र साना उद्यमीहरूलाई वित्तीय पहुँच मात्र होइन, आर्थिक आत्मनिर्भरता र सामाजिक पहिचान पनि दियो ।

तर यही मानव-केन्द्रित संरचना समयक्रममा कमजोरीमा परिणत भयो । विश्वासमा आधारित प्रणालीमा कडा नियमन, जोखिम व्यवस्थापन र व्यावसायिक अनुशासन विकास नभएपछि दुरुपयोगको सम्भावना बढ्दै गयो। यही कारण सहकारीको दर्शन नबुझी संकटको समाधान खोज्नु सम्भव छैन ।

सहकारीले ग्रामीण अर्थतन्त्रमा गहिरो परिवर्तन ल्यायो । कृषि उत्पादन बढ्यो, किसानले बीउ, मल र उपकरण किन्न सके, महिला बचत समूहहरू आर्थिक गतिविधिको केन्द्र बने । धेरै जिल्लामा सहकारी नै स्थानीय विकासको मुख्य इन्जिन बन्यो । तर यस सफलताको आडमा राज्यले सहकारीलाई वित्तीय संस्थाभन्दा बढी सामाजिक संस्था ठानेर जोखिम व्यवस्थापन प्रणालीलाई प्राथमिकतामा नराख्नु ठूलो भूल सावित भयो। यही भूल आजको संकटको आधार बन्यो ।

### वित्तीय समावेशीकरणदेखि वित्तीय जोखिमसम्म

नेपालमा वित्तीय समावेशीकरणको काम बैंकभन्दा बढी सहकारीले गरे । बैंकिङ प्रणालीले न्यूनतम निक्षेप, पर्याप्त जमानत र स्थायित्व खोज्दा गरिब, किसान र अनौपचारिक क्षेत्रका नागरिक बाहिर परे । सहकारीहरूले समूह जमानी, सामाजिक चिनजान र आपसी पहिचानलाई कर्जाको आधार बनाए । यसले महिलाहरू, दलित, आदिवासी जनजाति र गाउँका साना उद्यमीहरूलाई वित्तीय प्रणालीमा प्रवेश गरायो ।

तर यही सफलतासँगै अर्को गम्भीर समस्या जन्मियो । सहकारीहरुले क्रमशः बैंकजस्तै काम गर्न थाले- ठूलो मात्रामा निक्षेप संकलन, दीर्घकालीन कर्जा र ब्याजदर प्रतिस्पर्धा । तर बैंकजस्तै नियमन प्राप्त गरेनन् । अर्बौं रुपैयाँ परिचालन गर्ने सहकारी पनि गाउँस्तरको नियमनमै सीमित रहे । सहकारी बैंकजस्तै बने, तर बैंकसरह सुरक्षा संरचना विकास भएन। बचतकर्ताले बैंकस्तरकै सुरक्षा अपेक्षा गरे, तर प्रणालीसँग त्यो क्षमता थिएन । यस अर्थमा सहकारी संकट असफलताको होइन, अनियन्त्रित सफलताको परिणाम हो ।

### संकटको मूल कारण: व्यक्तिमात्र होइन, प्रणालीगत कमजोरी

सहकारी संकटलाई केही खराब व्यक्तिको गल्तीका रूपमा बुझ्नु सतही विश्लेषण हुन्छ । यो संकट संरचनागत कमजोरी, नीतिगत अस्पष्टता र नियमनको असन्तुलनको दीर्घकालीन परिणाम हो । सानो गाउँस्तरीय सहकारी र अर्बौं कारोबार गर्ने सहरी सहकारीलाई एउटै कानुनी ढाँचामा राखियो । संस्थाले के गर्छ भन्ने आधारमा होइन, नाम र ऐनको आधारमा नियमन गरियो ।

नियामकीय जिम्मेवारी केन्द्रीय, प्रादेशिक र स्थानीय तहमा बाँडिए पनि स्पष्ट जवाफदेहिता तय भएन । यसले दोषारोपणको संस्कार पैदा गर्‍यो र समस्याग्रस्त सहकारीले नियमनबाट उम्किने ठाउँ पाए ।

भित्रतर्फ, धेरै सहकारीमा सञ्चालक समिति अत्यन्त शक्तिशाली बन्यो र आन्तरिक नियन्त्रण कमजोर रह्यो । साधारण सभा, लेखा समिति र जोखिम मूल्याङ्कन औपचारिकतामा सीमित भए । कर्जा स्वीकृतिमा स्वार्थको द्वन्द्वलाई बेवास्ता गरियो । सहकारीको पैसा आफ्नै व्यवसायमा लगाउने, मुनाफा व्यक्तिगत बनाउने तथा घाटाको भार सहकारीलाई बोकाउने व्यवहार रोकिएन ।

रियल-इस्टेटमा गरिएको अत्यधिक लगानीले संकटलाई प्रत्यक्ष रूपमा विस्फोट गर्‍यो । बचतकर्ताको पैसा अल्पकालीन थियो, तर लगानी दीर्घकालीन, अचल र बजार घट्नेबित्तिकै तरल नहुने खालको थियो । बजार सुस्तिँदा नगद सकियो र निक्षेप फिर्ता रोकियो । यही बिन्दुबाट निक्षेप संकट सुरु भयो ।

### संकटको वास्तविक मूल्य: मानवीय र लोकतान्त्रिक चोट

सहकारी संकटलाई केवल अर्बौं रुपैयाँको हानिका रूपमा हेर्नु पर्याप्त छैन । यसको गहिरो प्रभाव मानिसको जीवनमा परेको छ । सहकारीका बचतकर्ताहरू जोखिम खोज्ने लगानीकर्ता थिएनन्। उनीहरूले शिक्षा, उपचार र बुढेसकालका लागि सानो-सानो बचत गरेका थिए । जब निक्षेप फिर्ता भएन, पैसा मात्र होइन, जीवन योजना नै ध्वस्त भयो ।

मानसिक तनाव, आत्मदोषभावना, पारिवारिक विघटन र सामाजिक अविश्वास बढेको छ । महिलाहरु विशेषगरी प्रभावित छन्, किनकि सहकारी महिला वित्तीय आत्मनिर्भरताको प्रमुख आधार थियो ।

सबैभन्दा गहिरो असर लोकतान्त्रिक भरोसामाथि परेको छ । "नियम थिए भने किन लागू भएनन् ?" भन्ने प्रश्नले लोकतन्त्रको आधारभूत वाचा –नागरिक सुरक्षा–माथि चुनौती दिएको छ । सहकारी पीडितहरूको आन्दोलन पैसाका लागि मात्रै होइन, आफ्ना कुरा सुन्ने कोही छैनन् भन्ने अनुभूतिका विरुद्धको प्रतिरोध हो ।

### मूल प्रश्न: निक्षेप कसरी फिर्ता गर्ने ?

यहींबाट लेखको केन्द्रीय प्रश्न सुरु हुन्छ – समस्याग्रस्त सहकारीका बचतकर्ताको पैसा कसरी फिर्ता गर्ने ? सबै पैसा तुरुन्त फिर्ता गर भन्ने माग मानवीय रूपमा बुझ्न सकिन्छ, तर नीतिगत रूपमा खतरनाक छ । राज्यले सबै रकम तिर्‍यो भने करदाताको पैसा निजी संस्थाको असफलताको मूल्य तिर्नमा खर्च हुन्छ । अर्कातर्फ राज्यले केही नगरे बचतकर्ता असहाय हुन्छन् र सामाजिक अस्थिरता बढ्छ । समाधान यी दुईबीचको व्यावहारिक बाटो हो ।

यस लेखको उद्देश्य पनि यही हो– समस्याग्रस्त सहकारीको निक्षेप सरकारी ढुकुटी प्रयोग नगरी कसरी फिर्ता गर्न सकिन्छ ? भन्ने कुरा स्पष्ट गर्नु ।

### निक्षेप फिर्ताको मूल दर्शन: राज्य मार्गदर्शन दिने, भुक्तानी गर्ने होइन

यो समाधानको आधारभूत सोच एकदमै सीधा छ । सहकारी निजी सदस्यहरूको संस्था भएकाले सहकारी डुब्यो भने त्यसको खर्च करदाताले होइन, सहकारीकै सम्पत्ति र त्यसबाट उठ्न सक्ने पैसाले बेहोर्नुपर्छ । राज्यको भूमिका पैसा तिर्ने होइन, प्रक्रिया बनाउने हो । राज्यले पारदर्शिता सुनिश्चित गर्छ, अस्थायी रूपमा समय किनिदिन्छ र दोषीलाई कानुनको दायरामा ल्याउने काम गर्छ ।

निक्षेप फिर्ता प्रक्रिया सुरु हुनुअघि सबैभन्दा पहिले वास्तविक पीडित को हुन् भन्ने स्पष्ट गर्नुपर्छ । यसका लागि डिजिटल दाबी प्रणाली र स्थानीय तहका सहायता कक्षमार्फत बचतकर्ताको विवरण सङ्कलन गरिन्छ । नागरिकता, सहकारी खाता र पासबुक मिलान गरेर केन्द्रीय डेटाबेसमा दाबी प्रमाणीकरण गरिन्छ । यसले नक्कली वा दोहोरो दाबी रोक्छ र प्रक्रिया विश्वसनीय बनाउँछ ।

सबै बचतकर्तालाई एउटै तरिकाले व्यवहार गर्नु न्याय होइन। कसैले बुढेसकालका लागि सानो रकम बचत गरेको हुन्छ भने कसैले लगानीका रूपमा ठूलो रकम राखेको हुन्छ । त्यसैले साना र अति संवेदनशील बचतकर्तालाई पहिलो प्राथमिकता दिइन्छ । ठूला बचतकर्ताले पनि आफ्नो पैसा पाउँछन्, तर चरणबद्ध र अनुपातका आधारमा ।

...बाँकी पृष्ठ ३ मा

...बाँकी पृष्ठ ३ मा

बुधबारे बालसाहित्य
यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं।

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न लेख्न

सामुदायिक रेडियो, रेडियो निकास

सामुदायिक रेडियो, रेडियो निकास

## प्रधानमन्त्री कप क्रिकेट

# त्रिभुवन आर्मी क्लबको अपराजित यात्रा कायमै




*प्लेयर अफ द म्याच त्रिभुवन आर्मीका त्रितराज दासलाई ट्रफी हस्तान्तरण गरिँदै ।*

समाज संवाददाता

हेटौँडा : जारी पुरुष एक दिवसीय प्रधानमन्त्री कप क्रिकेट प्रतियोगितामा विभागीय टोली त्रिभुवन आर्मी क्लबले आफ्नो अपराजित यात्रा कायमै राखेको छ। बिहीबार मधेश प्रदेशलाई पराजित गर्दै आर्मी क्लबले आफ्नो अपराजित यात्रा कायम राखेको हो ।

बिहीबार जनकपुरको रामजानकी क्रिकेट मैदानमा भएको खेलमा विभागीय टोली आर्मी क्लबले मधेश प्रदेशलाई ६ विकेटले पराजित गरेको छ । सुरुमा टस हारेर व्याटिङको निम्तो पाएका मधेश प्रदेशले आर्मी क्लबलाई १८५ रनको लक्ष्य दिएको थियो । मधेश प्रदेश ४८ ओभर ३ बलमा १८४ रनमा अलआउट भएको थियो । मधेशका विशाल सुश्लिङ्ले ५१ रन र कप्तान अनिल साहले ४२ रन बनाए । मधेश ओपनर व्याटरहरुले दोहोरो अंकमा पनि रन जोड्न नसक्दा टोली सुरुदेखि दवाव देखिएको थियो। आर्मी क्लबका बसिर अहमदले ३ विकेट, साहव आलम र नरेन साउदले समान २/२ विकेट लिए ।

जवाफी व्याटिङ गरेका आर्मी क्लबले ४ विकेट गुमाएर लक्ष्य भेटाएको हो। आर्मीले २९ ओभर २ बलमा ४ विकेट गुमाएर लक्ष्य भेटाउन सफल भयो। आर्मी क्लबका ओपनर त्रितराज दास ६९ रन बनाएर आउट हुँदा बसिर अहमदले अविजित ४१ रन बनाए । मधेश प्रदेशका आदिल आलमले २ विकेट, पवन सर्राफ र विशाल सुश्लिङ समान १/१ विकेट लिए । प्लेयर अफ द म्याच त्रिभुवन आर्मीका त्रितराज दास घोषित भए ।

यस्तै, बिहीबार भएको अर्को खेलमा सुदुरपश्चिम प्रदेशले गण्डकी प्रदेशलाई पराजित गरेको छ । बीरगंजको नारायणी क्रिकेट र ङ्गशालामा भएको खेलमा सुदूरपश्चिम प्रदेशलाई २ विकेटले पराजित गरेको हो। सुरुमा टस जितेर व्याटिङ गरेका गण्डकी प्रदेशले सुदूरपश्चिम प्रदेशलाई १९१ रनको लक्ष्य दिएको थियो। गण्डकीको टोली ४९ ओभरमा १९० रनमा अलआउट भएको थियो । गण्डकीका अर्जुन कुमालले ४४ रन, कप्तान विपिन खत्रीले ३० रन र सुवास भण्डारीले २४ रन बनाए । सुदूरपश्चिमका कप्तान शेल मल्लले ५ विकेट लिँदा हेमन्त धामी र अशोक धामीले समान २/२ विकेट लिए ।

जवाफी व्याटिङ गरेका सुदुरपश्चिमले ८ विकेट गुमाएर लक्ष्य भेटाएको हो । सुदुरपश्चिम प्रदेश ३९ ओभर २ बलमा ८ विकेट गुमाएर लक्ष्य भेटाउन सफल भयो । सुदूरपश्चिमका ओपनर अभिषेक पाल सर्वाधिक ६६ रन र दीपक बोहरा ३५ रन बनाएर आउट भए भने नारायण जोशीले अविजित ४५ रन बनाए। गण्डकीका कप्तान विपिन खत्रीले पनि ५ विकेट लिएका थिए। प्लेयर अफ द म्याच सुदूरपश्चिमका शेर मल्ल घोषित भए ।

जारी प्रतियोगितामा बिहीबारको खेल सकिएसँगै अविजित रहँदै ५ खेलबाट ९ अंक जोडेका आर्मी क्लब अंक तालिकाको शीर्षस्थानमा उक्लिएको छ। समान ५ खेलबाट ८ अंक जोडेका सुदूरपश्चिम प्रदेश दोस्रो र ७ अंक जोड्न सफल मधेश प्रदेश चौथो स्थानमा रहेको छ।१० टोली सम्मिलित प्रतियोगितामा ५ खेलबाट अहिलेसम्म ३ अंक मात्रै जोड्न सकेको गण्डकी प्रदेश पुच्छारबाट अंक तालिकाको दोस्रो स्थानमा रहेको छ ।

# २ जिल्लामा दुई जना मृत फेला

समाज संवाददाता

हेटौँडा : बागमती प्रदेशको २ जिल्लामा दुई जना मृत फेला परेका छन्। बुधबार प्रदेशको चितवन र धादिङ जिल्लामा दुई जना मृत फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

चितवनको खैरहनी नगर पालिका-८ स्थित मगनी चोकको प्रतिक्षालयमा एक बेवारिसे पुरुष मृत अवस्थामा फेला परेका छन्। बुधबार बिहान ८ बजेको समयमा हाल नाम, थर नखुलेको अन्दाजी ४० वर्षीय पुरुष रहेको प्रहरीले जानकारी दिएको छ। अनुसन्धानको क्रममा पुरुष मागी खाई हिँड्ने व्यक्ति रहेको प्रहरीले जानकारी दिएको छ । मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि चितवनस्थित सरकारी अस्पताल लगिएको प्रहरीले जानकारी दिएको छ ।

धादिङको त्रिपुरासुन्दरी गाउँपालिका-६ स्थित आँखुखोलामा डुबेर एक वृद्ध महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा ८२ वर्षीया दिलमाया श्रेष्ठ रहेको प्रहरीले जानकारी दिएको छ। बुधबार दिउँसो ४ बजेर ४२ मिनेटको समयमा आँखुखोलामा श्रेष्ठ मृत फेला परेकी थिइन्। अनुसन्धानको क्रममा श्रेष्ठ विगत ८-१० वर्षदेखि मानसिक रोगको औषधि सेवन गर्दै आएकी थिइन् । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ।

# सर्वसाधारणलाई घरदैलो सेवा उपलब्ध गराउन हुलाकसँग समन्वय



*जिल्ला हुलाक कार्यालय प्रमुखसँग छलफल गर्नुहुँदै प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारी ।*

समाज संवाददाता

हेटौंडा : जिल्ला प्रशासन कार्यालय मकवानपुरले सेवाग्राहीलाई घरदैलो सेवा उपलब्ध गराउन हुलाक कार्यालयसँग छलफल गरेको छ । नेपाल सरकारले सय दिनमा गर्ने शासकीय सुधार सम्बन्धी कार्यसूची कार्यान्वयन गर्न जिल्ला प्रशासन कार्यालयले जिल्ला हुलाक कार्यालयसँग प्रारम्भिक छलफल गरेको हो ।

कार्यसुचीको बुँदा अन्तर्गत राज्यले सर्वसाधारणलाई घरदैलो सेवा प्रवाह गर्ने बुँदा नम्बर २७ लाई कार्यान्वयन गराउने उद्देश्यले हुलाक कार्यालयसँग समन्वयात्मक छलफल सुरु गरेको हो ।

बिहिबार प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले जिल्ला हुलाक कार्यालय मकवानपुरका हुलाक अधिकृत रमेश लामिछानेसँग छलफल गर्दै आगामी दिनमा राज्यले घरदैलो सेवाका लागि हुलाकको अत्याधिक र व्यावसायिक प्रयोग गर्ने बताउनुभयो । उहाँले हुलाक कार्यालयले सुरुमा जिल्ला प्रशासन कार्यालयबाट ५ सय राहदानी सेवाग्राहीको घरमै पुऱ्याउन जाने प्रणाली व्यवस्थित गर्न लागेको स्पष्ट पार्नुभयो । यसका लागि हुलाक कार्यालयको हालको क्षमता तथा आवश्यक जनशक्ति, आवश्यक थप बजेट, श्रोत साधनबारे जानकारी लिँदै अधिकारीले मकवानपुरभित्र रहेका ९१ वटा सरकारी निकायका वितरणसँगै जनतालाई घरदैलो सेवा दिन अघि बढ्ने योजनाबारे छलफल समेत गर्नुभएको छ ।

हुलाक कार्यालयका हुलाक अधिकृत रमेश लामिछानेले हाल श्रोत साधनको कमी तथा सुरक्षा संवेदनशीलताका कारण जिल्लाका अन्य पालिकामा बिना तयारी काम गर्न नसकिने भएपनि हेटौँडा उपमहानगरपालिकाभित्र भने बैशाखको सुरुबाटै घरदैलो सेवा गर्न सकिनेमा प्रतिवद्धता जनाउनुभएको थियो । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले हाल कार्यालयमा रहेका कर्मचारीलाई थप क्रियाशील बनाई स्थानीय तहसँग समन्वय गर्न सुझाव दिनुभएको छ। हालको गतिलाई वृद्धि गर्दै हेटौँडा उपमहानगर क्षेत्रभित्रका कार्यालयमा एकै दिन र अन्य पालिकामा भोलिपल्टसम्म पुऱ्याउन यस्तै राहदानीसँगै नागरिकता, राष्ट्रिय परिचयपत्र, सवारी चालक अनुमतिपत्र (लाइसेन्स) लगायतका अन्य सेवा समेत विस्तार गरी घर दैलो सेवामा परिणत गर्ने संघीय सरकारको तयारी रहेकोले हुलाक कार्यालयको क्षमता विकास तथा विस्तार गर्न प्रशासनसँग समन्वय गर्न अनुरोध समेत गर्नुभयो ।

हुलाक कार्यालय मकवानपुरमा हाल ४६ जना कर्मचारीहरु कार्यरत छन् । हाल हुलाक कार्यालयका जिल्लामा ९ वटा पालिका हुलाक, २ वटा हुलाक काउन्टर र एउटा जिल्ला कार्यालय रहेका छन्। हाल कार्यालयले दैनिक सरकारी कार्यालय तथा बैदेशिक पार्सलहरु गरी १ सय चिठ्ठीपत्रहरु वितरण तथा ओसार-पसार गर्दै आएको छ भने विज्ञापन बोर्डको लोक कल्याणकारी विज्ञापन जिल्लाका सञ्चार माध्यमहरुलाई वितरणमा समन्वय समेत गर्दै आइरहेको छ ।

**प्रशिक्षार्थी पत्रकारका लागि आवेदन आव्हान**

हेटौँडाबाट प्रकाशन हुँदै आएको समृद्ध समाज राष्ट्रिय दैनिकका लागि प्रशिक्षार्थी पत्रकार आवश्यक भएकोले तपसील बमोजिम योग्यता पुगेका इच्छुक उम्मेदवारबाट आवेदन आव्हान गरिन्छ ।

पद : प्रशिक्षार्थी पत्रकार ।
संख्या : केही ।
शैक्षिक योग्यता : १२ कक्षा उत्तीर्ण । स्नातक तह अध्ययनरतलाई प्राथमिकता ।
प्रशिक्षार्थी अवधि : ३ महिना । पहिलो महिना निशूल्क प्रशिक्षण अवधि रहनेछ भने कार्यसम्पादनका आधारमा दोस्रो र तेस्रो महिना आंशिक सुविधा प्राप्त हुनेछ । चौथो महिनादेखि पूर्णकालिन रोजगारीको अवसर रहनेछ ।
समाचार अध्ययन, समाचार लेखन तथा प्रस्तुतीमा रुचि भएकाहरुलाई विशेष ग्राह्यता ।
आवेदन दिने अन्तिम मिति : २०८२/१२/२० गते ।

**आवेदन साथ संलग्न गर्नुपर्ने कागजात :**
- हस्तलिखित निवेदन ।
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
- शैक्षिक प्रमाणपत्रको प्रतिलिपि ।
- पासपोर्ट साइजको फोटो २ प्रति ।

सम्पर्क : ०५७-५२६८३०
समृद्ध समाज राष्ट्रिय दैनिक
हेटौँडा-४, मकवानपुर

**वन डढेंलो नियन्त्रण सम्बन्धी सूचना**

राष्ट्रिय वनमा आगो लगाउन वा आगलागी हुन जाने कुनै कार्य गरेमा वा गराएमा वा सोको उद्योग गरेमा वन ऐन, २०७६ को दफा ५० को उपदफा ४ बमोजिम क्षति भएको बिगो असुल गरी ३ वर्षसम्म कैद वा ६० हजार रुपैँयासम्म जरिवाना वा दुवै सजाय हुनेछ । तसर्थ, उपरोक्त बमोजिमका निषेधित कार्य नगर्न नगराउनु हुन सरोकारवाला सबैलाई हार्दिक अनुरोध छ ।

वन तथा वातावरण मन्त्रलालय
बागमती प्रदेश, नेपाल
हेटौँडा, मकवानपुर

# ११३ जनामा मोतियाबिन्दु भेटियो




*शिविरमा आँखा परीक्षण गरिँदै ।*

समाज संवाददाता

हेटौँडा : रोटरी क्लब अफ हेटौँडाको आयोजनामा भएको आँखा शिविरमा ११३ जनामा मोतियाबिन्दु भेटिएको छ । बुधबार र बिहीबार रौतहट, बारा, पर्सा र महोत्तरी जिल्लाका विभिन्न स्थानमा आयोजना भएको शिविर ४८५ जनाको आँखा परीक्षण गरिएको थियो । शिविरमा ११३ जनामा मोतियाबिन्दु भेटिएको रोटरी क्लब अफ हेटौँडाका अध्यक्ष प्रमेश प्रधानले जानकारी दिनुभयो ।

बुधबार रौतहटको कटरियामा भएको शिविरमा १२९ जनाको आँखा परीक्षण गरिएकोमा ४९ जनामा मोतियाबिन्दुको शल्यक्रिया गर्नुपर्नेको भेटिएको हो । बिहीबार पर्साको जगरनाथपुरमा ११९ जनाको आँखा परीक्षण गरेकोमा १९ जनामा मोतियाबिन्दुको शल्यक्रिया गर्नुपर्ने भएको छ । यस्तै बिहिबार नै बाराको कलैयामा २३७ जनाको आँखा परीक्षण गरेकोमा ४५ जनामा मोतियाबिन्दुको शल्यक्रिया गर्नुपर्ने भएको छ ।

शिविरमा भेटिने मोतियाबिन्दुका बिरामीहरूको शल्यक्रिया हेटौँडा सामुदायिक आँखा अस्पतालमा हुनेछ। शिविर अवधिभर बिरामीहरूलाई खान, बस्न तथा आवतजावतको सम्पूर्ण सुविधा नि:शुल्क प्रदान गरिने क्लबका अध्यक्ष प्रधानले जानकारी दिनुभयो । शनिबार महोत्तरी र बर्दिवासमा शिविर आयोजना हुने अध्यक्ष प्रधानले बताउनुभयो । स्थानीयस्तरमा नियमित रूपमा यस्ता स्वास्थ्य शिविर सञ्चालन गर्दै आएको रोटरी क्लब अफ हेटौँडाको पहलले ग्रामीण क्षेत्रका आँखाका बिरामीहरूलाई ठूलो राहत पुग्ने अपेक्षा गरिएको उहाँको भनाई छ । शिविरमा हेटौँडा सामुदायिक आँखा अस्पतालका चिकित्सकहरुले स्वास्थ्य जाँच गर्नेछन् ।

# आजबाट व्याडमिन्टन प्रतियोगिता

समाज संवाददाता

हेटौँडा : प्रथम बकैया गाउँपालिकास्तरीय डबल 'ए' साइड व्याडमिन्टन प्रतियोगिता आज शुक्रबार हुनेछ। बकैया-७ स्थित हात्तीखोला युवा क्लबको आयोजनामा प्रतियोगिता हुनेछ। बकैया ७ नम्बर वडा कार्यालयको समन्वय तथा बकैया-७ का घमनटोल स्पोर्टस क्लबले प्रतियोगिताको व्यवस्थापनमा गरेको छ। प्रतियोगितामा १८ वटा टोलीले प्रतिस्पर्धा गर्नेछ। सहभागी खेलाडीहरुका लागि खानाको व्यवस्था आयोजकले गरेको छ। प्रतियोगिता विजेताले ७ हजार रुपैयाँ र उपविजेताले ३ हजार ५ सय रुपैयाँसहित ट्रफी, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ। प्रतियोगिता बकैया-७ स्थित घमनटोलमा हुनेछ ।

# करेन्ट लागेर एक जनाको मृत्यु

समाज संवाददाता

हेटौँडा : मकवानपुरगढी गाउँपालिका-२, मोरेमा बिजुलीको पोल गाड्ने क्रममा करेन्ट लाग्दा एक जनाको मृत्यु भएको छ भने दुईजना घाइते भएका छन्। बिहीबार अपरान्ह ४ बजेर ३० मिनेटको समयमा स्थानीयवासी मिलेर फलामको पोल गाड्ने क्रममा पोल हाईटेन्सन लाइनमा छोइएपछि करेन्ट लाग्दा तीनजना घाइते भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

करेन्ट लागेर मकवानपुरगढी गाउँपालिका-३, मापुङका ३५ वर्षीय राजकुमार गोले, सानडाँडाका ५५ वर्षीय मानबहादुर गोले र मोरेका ३० वर्षीय राजकुमार स्याङतान घाइते भएका थिए। घाइते सबैलाई उपचारका लागि चुरेहिल अस्पताल ल्याइएको थियो। उपचारको क्रममा राजकुमार गोलेलाई साँझ ५ बजेर ४० मिनेटको समयमा चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ । मानबहादुरको अवस्था मध्यम रहेका छ भने राजकुमार स्याङतानको अवस्था सामान्य रहेको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

**न्यू स्वर्ण भण्डार सुनचाँदी पसल राप्तिरोडबाट खोपेगल्लीमा सरेको सूचना**

हेटौँडा-१०, राप्तिरोडमा रहेको न्यू स्वर्ण भण्डार सुनचाँदी पसल यहि मिति २०८२ साल फाल्गुन २९ गतेदेखि हेटौँडा-४, खोपेगल्लीस्थित आफ्नै भवनमा (रोज एकेडेमी स्कूलसँगै) सरेको सहर्ष जानकारी गराउँदछौँ ।

प्रो. ज्योति रत्न बज्राचार्य
सम्पर्क : ९८४५५९८३०१, ९८०४२२८३६४

"श्रमिक मा.वि.को इच्छा, गुणस्तरीय शिक्षा"

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

शैक्षिक सत्र २०८३ का लागि भर्ना खुल्यो

यस विद्यालयमा अँग्रेजी माध्यमको Play Group देखि Class 9 र नेपाली माध्यमको कक्षा १ देखि ९ सम्म भर्ना खुल्यो ।

भर्ना फारम वितरण मिति : २०८२ चैत २२ गतेबाट
नयाँ विद्यार्थी भर्ना मिति : २०८३ वैशाख ६ गतेबाट
प्रवेश परीक्षा मिति : २०८३ वैशाख ५ गते
कक्षा सञ्चालन मिति : २०८३ वैशाख ६ गतेबाट

हाम्रो बिशेषताहरू :
- कक्षा ९ र १० मा Smart Board मार्फत पठन-पाठनको व्यवस्था
- अधिकांश कक्षामा Projector सहितको Audio-Visual Class को व्यवस्था
- PG कक्षाका बालबालिकाको हेरचाहका लागि आयाको व्यवस्था
- पर्याप्त Indoor खेल सामग्रीसहित सार्वजनिक विदामा पनि PG, Nursery, LKG, UKG, 1 र 2 कक्षा सञ्चालनको व्यवस्था
- नेपाली र अङ्ग्रेजी माध्यमको लागि छुट्टै भवनको व्यवस्था
- वर्षे बिदामा समेत पठनपाठन गरी कमजोर विद्यार्थीका लागि अतिरिक्त कक्षाको व्यवस्था
- क्यान्टिनको व्यवस्थासहित कक्षा ३ सम्म नि:शुल्क दिवा खाजाको व्यवस्था
- दक्ष एवम् तालिम प्राप्त शिक्षकबाट पूर्ण अङ्ग्रेजी माध्यममा पठनपाठनको व्यवस्था
- PG र Nursery कक्षाका विद्यार्थीको गतिविधि CCTV मार्फत् अभिभावकले घरबाटै निगरानी गर्ने व्यवस्था
- प्रत्येक कक्षामा Homework Board को व्यवस्था र Homework Board को फोटो Messenger Group मा पठाइने व्यवस्था ।
- अन्य कक्षामा पनि CCTV मार्फत नियमित अनुगमनको व्यवस्था
- पर्याप्त तथा स्तरीय खेलमैदान, खेल सामग्रीसहित खेलकुद प्रतियोगिताको व्यवस्था
- प्रत्येक शुक्रबार साप्ताहिक परीक्षाको व्यवस्था
- साप्ताहिक, त्रैमासिक परीक्षाको उत्तरपुस्तिका विद्यार्थी, अभिभावकले हेर्न पाउने व्यवस्था
- नियमित अतिरिक्त क्रियाकलापसहित उत्कृष्ट विद्यार्थीलाई पुरस्कारको व्यवस्था
- विद्यार्थीलाई Home-work डायरी र वार्षिक कार्ययोजनासहितको क्यालेण्डरको व्यवस्था
- प्रशिक्षकसहितको नृत्य कक्षाको व्यवस्था/शान्त तथा बालमैत्री वातावरणमा अध्ययन अध्यापनको व्यवस्था
- शैक्षिक प्रदर्शनी, खेलकुद प्रतियोगिता तथा अतिरिक्त क्रियाकलापमा उत्कृष्ट नतिजा हासिल
- विद्यालय हातामा मनोरम पार्क तथा फूलबारीको व्यवस्था
- स्तरीय Science Lab. Computer Lab. र पर्याप्त पुस्तकसहितको पुस्तकालयको व्यवस्था

अंग्रेजी माध्यमतर्फ नयाँ भर्ना गर्न सकिने कक्षागत विद्यार्थी संख्या

| कक्षा | संख्या |
|---|---|
| P.G. (पिजी) | २० जना |
| Nursery | ५ जना |
| LKG | १ जना |
| UKG | ४ जना |
| 1 | ५ जना |
| 2 | १ जना |
| 3 | ५ जना |
| 4 | १५ जना |
| 5 | १५ जना |
| 6 | १४ जना |
| 7 | १३ जना |
| 8 | १६ जना |
| 9 | १५ जना |

श्री श्रमिक माध्यमिक विद्यालय
हेटौँडा-४, कर्रा, स्थापित: २०२२
थप जानकारीका लागि सम्पर्क :
९७६५९५५५२२, ९८४५१०७४२८, ९८४५२८६५६५

**मकवानपुर उद्योग वाणिज्य संघ**
चेम्बर मार्ग, हेटौँडा-२

श्री सदस्य महानुभावज्यू,

यस मकवानपुर उद्योग वाणिज्य संघको २०८२ फागुन १५ गतेको कार्यसमिति बैठकको निर्णयानुसार यही मिति २०८२ चैत्र २१ गते शनिबारका दिन पल्पसा सदन, हेटौँडा-२ मा हुने ५९औं वार्षिक साधारण सभाको सुअवसरमा अनिवार्य सहभागिताको लागि हार्दिक अनुरोध गर्दछु ।

**निम्नलिखित विषयहरू जानकारीसमेत गराउादछु:-**
क) सभामा पेश गर्नुपर्ने संस्थागत प्रस्ताव भएमा २०८२ चैत्र १८ गतेसम्ममा संघमा दर्ता गराइसक्नु पर्नेछ ।
ख) प्रतिनिधि नियुक्ती वा फेरवदल गर्नुपरेमा २०८२ चैत्र १४ गतेसम्ममा विधान बमोजिम प्रक्रिया पुरागरी आवश्यक प्रमाणहरु उपलब्ध गराउनु पर्नेछ ।

**५९ औं वार्षिक साधारण सभाका कार्यक्रमहरू:**
२०८२ चैत्र २१ गते पहिलो सत्र सुभारम्भ हुनेछ ।
क) रजिष्ट्रेशन : विहान ८:०० बजेदेखि हुनेछ ।
ख) उद्घाटन समारोह : विहान १०:३० बजेदेखि हुनेछ ।

**दोस्रो सत्र : ५९ औं वार्षिक साधारण सभाको दोस्रो सत्र सुरू:**
उपस्थिति समय दिनको २:३० बजेदेखि हुने ।
क) महासचिवबाट प्रस्तुत वार्षिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
ख) कोषाध्यक्षबाट प्रस्तुत आ.व. २०८१/८२ को आयव्यय तथा वासलात हिसाब र २०८२/८३ को अनुमानित बजेट पारित गर्ने सम्बन्धमा ।
ग) विधान संशोधन समिति गठन सम्बन्धमा ।
घ) पल्पसा सदन सम्बन्धमा ।
ङ) लेखापरीक्षकको नियुक्ती तथा पारिश्रमिक तोक्ने सम्बन्धमा ।
च) माइन्युट प्रमाणित गर्न प्रतिनिधि तोक्ने सम्बन्धमा ।

**(नोट**: प्रगति प्रतिवेदन र लेखा प्रतिवेदन डिजिटल माध्यम तथा संघको वेभसाइट (www.mcci.org.np) मा उपलब्ध हुनेछ ।

प्रतिमा श्रेष्ठ
महासचिव

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ

**बुधबारे बालसाहित्य**

यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।

...बाँकी पृष्ठ ३ मा

सामुदायिक रेडियो, रेडियो निकास